**कपुरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

.................खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान,२०....

पारित मितिः २०..../ .../....

**प्रस्तावनाः**

कपुरकोट गाउँपालिका वडा नं .....को ...................स्थानमा गठित .......................नामको खानेपानी उपभोक्ता समिति, कपुरकोट गाउँपालिकाको जलस्रोत ऐन, २०७९ को दफा ११ (३) बमोजिम यस समितिलाई .......................................... खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नामको नयाँ समिति गठन गरी सञ्चालन गर्न वाञ्छनीय देखिएकोले सोही ऐनको दफा ११ को प्रयोजनार्थ मिति ....................मा बसेको उपभोक्ताहरूको भेलाको निर्णयले यस .......................खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान,२०.... पारित गरिएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम, ठेगाना, कार्यक्षेत्र र प्रारम्भ

१. संक्षिप्त नाम, ठेगाना, कार्यक्षेत्र र प्रारम्भः

(१) यस विधानलाई ...................खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान,२०.... भनिनेछ।

(२) समितिको नामः यस समितिको नाम .......................खानेपानी उपभोक्ता तथा सरसफाई समिति रहनेछ।

(३) समितिको ठेगानाः यस समितिको ठेगाना कपुरकोट गाउँपालिका वडा नं......, ..........., सल्यान रहनेछ।

(४) समितिको कार्यक्षेत्रः यस समितिको कार्यक्षेत्र वडा नं. ....मा कपुकोट गाउँपालिकाबाट गठित ..............टोल बिकास संस्था/संस्थाहरूको भौगोलिक कार्य क्षेत्र रहने छ।

(५) यो विधान समितिको साधारण सभाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) विधान भन्नाले ................... खानेपानी उपभोक्ता तथा सरसफाई समिति कपुरकोट गाउँपालिका वडा नं. ..., ..........., सल्यानको विधान,२०.... लाई सम्झनुपर्दछ।

(ख) समिति भन्नाले यस विधान बमोजिम गठन भएको ................. खानेपानी उपभोक्ता तथा सरसफाई सञ्चालक समितिलाई सम्झनुपर्दछ।

(ग) अध्यक्ष भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) उपाध्यक्ष भन्नाले समितिको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) कोषाध्यक्ष भन्नाले समितिको कोषाध्यक्षलाई सम्झनु पर्दछ।

(च) सचिव भन्नाले समितिको सचिवलाई सम्झनु पर्दछ।

(छ) सदस्य भन्नाले समितिका सदस्यलाई सम्झनु पर्दछ।

(ज) उपभोक्ता सदस्य भन्नाले समितिको कार्यक्षेत्रका खानेपानी तथा सरसफाई सेवाको लाभग्राही एक घरधुरी एक व्यक्ति, संस्था, समुह आदिलाई सम्झनु पर्दछ।

(झ) ऐन भन्नाले कपुकोट गाउँपालिका सल्यानद्वारा स्वीकृत भएको जलस्रोत ऐन, २०७९ लाई सम्झनु पर्दछ।

(ञ) योजना भन्नाले समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्बन्धि सबै योजना/ आयोजना/ कार्यक्रमलाई सम्झनु पर्दछ।

(ट) गाउँपालिका भन्नाले कपुरकोट गाउँपालिका, सल्यानलाई सम्झनु पर्दछ।

(ठ) विषेश साधारणसभा भन्नाले समितिको गठन/बिघटन, आर्थिक कारोबार, विधान निर्माण/संशोधन/खारेज, बिपद् जस्ता गम्भिर अवस्था तथा विषयमा बस्ने सभालाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## समितिको उद्देश्य

३. समितिको उदेश्यः

समितिको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्बन्धि योजनाको सञ्चालन, संरक्षण, सम्बर्धन तथा मर्मत संभार गर्नु।

(ख) खानेपानी तथा सरसफाई/योजना कार्यक्रमको प्रभावकारी व्यवस्थापन तथा नियमित सञ्चालन गर्नु।

(ग) उपभोक्ताहरूलाई खानेपानी तथा सरसफाई सम्बन्धि सचेतना अभिवृद्धि गर्नु।

(घ) कोषको व्यवस्था गर्नु, ऐन बमोजिम कोषबाट रकम खर्च गर्नु, लेखा राख्नु, लेखा परीक्षण गर्नु गराउनु।

(ङ) ऐनमा व्यवस्थित समितिसँग सबन्धित प्रावधानको पूर्ण पालना तथा कार्यान्वयन गर्नु।

(च) कपुरकोट गाउँपालिका वा गाउँकार्यपालिकाको कार्यालयको निर्देशनको पालना वा कपुरकोट गाउँपालिका र गाउँकार्यपालिकाको कार्यालयले तोकेका अन्य कार्य गर्नु।

(छ) भौगोलिक कार्यक्षेत्र भित्रका खानेपानी एवं सरसफाईसँग सम्बन्धित सबै समितिलाई तीन महिना भित्र एकीकृत गर्नु।

## परिच्छेद-३
## सभा, बैठक, कार्यप्रणाली र निर्णय

४. सभा सम्बन्धि व्यवस्थाः

(१) उपभोक्ता भेलाले गठित समिति कपुरकोट गाउँपालिकामा दर्ता भएपश्चात सो समितिले एक महिना भित्र अनिवार्य रुपमा प्रारम्भिक साधारण सभा गर्नु पर्नेछ, प्रत्येक आर्थिक बर्ष पुरा भए पश्चातको तीन महिना भित्रमा बार्षिक साधारण सभा सम्पन्न हुनुका साथै सो बाहेक अन्य विशेष अवस्था परेमा जुनसुकै समयमा समितिको विशेष सभा बस्न सक्नेछ।

(२) समितिको अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा अठ्चालीस घण्टा अगावै सभाका एजेण्डा सहित लिखित वा मौखिक वा मोबाईलको माध्यामबाट सभाका सदस्यलाई सभामा आमन्त्रण गर्नु पर्नेछ।

(३) गणपुरक संख्याः कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या मानिनेछ। गणपुरक संख्या नपुगेमा तिन दिन भित्र पुनः सभा बोलाउनु पर्नेछ।

(४) सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितीमा उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछ। उपाध्यक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरू मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ।

(५) निर्धारित समयमा सभा नगरेमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्षले तिन दिन भित्र सभा बोलाउनु पर्नेछ।

(६) सभाका अध्यक्षले पुर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरू सभामा प्रस्तुत गरी बहुमत सदस्यबाट पारीत गराउनु पर्नेछ। अध्यक्षले समितिका सचिवलाई सभाबाट भएका निर्णयहरूको अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्नेछ। यस सम्बन्धिका अभिलेखहरू सचिवले सुरक्षित गरी राख्नु पर्नेछ।

५. समिति गठन सम्बन्धि व्यवस्थाः

(१) सभाका सदस्यहरूले आफु मध्येबाट सर्वसम्मत वा निर्वाचन गरी कार्यकारी निकायको रुपमा देहाएको समिति गठन गर्न सक्नेछ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्याक्ष | १ |
| सदस्यहरू | ३ देखी ७ जनासम्म |

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा कोषाध्यक्ष सहित कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यहरू रहनेछन्।

(३) समितिको कार्यकाल दुई बर्षको हुनेछ।

(४) समितिको बैठक प्रत्येक दुई महिनाको एक पटक बस्नेछ। अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा चौवीस घण्टा अगावै एजेण्डा सहित लिखित वा मौखिक वा मोबाईल (एस.एम.एस) को माध्यमबाट समितिका सदस्यलाई बैठकमा आमन्त्रण गर्नु पर्नेछ।

(५) गणपुरक संख्याः कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या मानिनेछ। गणपुरक संख्या नपुगेमा तीन दिन भित्र पुनः बैठक बोलाउनु पर्नेछ।

(६) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितीमा उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछ। उपाध्यक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरू मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ।

(७) निर्धारित समयमा बैठक नबोलाएमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्यक्ष वा सचिवले तीन दिन भित्र बैठक बोलाउनु पर्नेछ।

(८) अध्यक्षले पुर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरू समितिमा प्रस्तुत गरी बहुमत सदस्यबाट पारीत गराउनु पर्नेछ। अध्यक्षले सचिवलाई सभाबाट भएका निर्णयहरूको अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्नेछ। यस सम्बन्धिका अभिलेखहरू सचिवले सुरक्षित गरी राख्नु पर्नेछ।

(९) यस विधानमा लेखिएका सबै कार्यहरू कार्यकारी निकायको रुपमा समितिको नामबाट सम्पादन हुनेछन्।

६. समितिहरू एकीकरण र यसका आधारहरूः भौगोलिक कार्यक्षेत्र भित्र रहेका यस सम्बन्धिका अन्य समितिहरू तीन महिना भित्रमा लागत सहभागिता, भूमिका निर्वाहा, जोखिम बहन, लाभ वितरणका आधारमा आपसी समझदारीमा एकीकरण गरिनेछ। एकीकरणपूर्व कुनै समितिको कोषमा संञ्चित रकमलाई आपसी सहमतीबाट मिलान गरी परिचालन गरिनेछ।

७. समितिको काम कर्तव्य र अधिकारः यस विधानमा उल्लेखित उदेश्य कार्यान्वयन गर्नु समितिको मुख्य काम कर्तव्य र अधिकार हुनेछ। समितिको अन्य काम कर्तव्य अधिकार देहाए बमोजिम हुनेछन्।

(क) यस ऐनको पूर्ण पालना गर्नु,

(ख) समितिको विधान पालना गर्नु,

(ग) उपभोक्ताको अध्यावधिक विवरण राख्नु,

(घ) खानेपानी शुल्क संकलन गर्नु,

(ङ) खानेपानी वितरण प्रणाली प्रभावकारी रुपमा सञ्चालन गर्नु,

(च) खानेपानीको गुणस्तर कायम गर्नु, खानेपानीको मुहान समय समयमा सरसफाई गर्नु,

(छ) भौतिक पूर्वाधार/मर्मत सम्भारको व्यवस्था गर्नु,

(ज) आफ्नो क्षेत्रभित्रको जलस्रोत सदुपयोग र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गर्नु।

## परिच्छेद-४

## कोषको खाता सञ्चालन र लेखापरीक्षण

८. समितिको कोष व्यवस्थापनः

समितिको एक कोष रहनेछ, सो कोषमा देहाएको रकम जम्मा रहनेछ।

(क) गाउँपालिकाबाट समितिलाई उपलब्ध गराएको कुनै किसिमको रकम,

(ख) समितिलाई कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान,

(ग) दण्ड जरीवानाबाट उठेको रकम,

(घ) समितिले प्राप्त गरेको ऋण,

(ङ) उपभोक्ताहरूबाट उठाइएको पानी महशुल लगायतको रकम,

(च) निर्माण वा अन्य श्रोतहरूबाट आयोजनामा बचत भएको रकम,

(छ) गाउँपालिकाले तोकी दिए बमोजिम खानेपानी उपभोक्ताबाट संकलित सेवा शुल्क,

(ज) ब्याज प्राप्त रकम तथा समितिमा बचत भएको अन्य कुनै रकम।

९. खाता सञ्चालन तथा खर्च क्षेत्र सम्बन्धि व्यवस्थाः

(१) समितिको कोषको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको कोषबाट समितिले निर्णय बमोजिम देहाएको क्षेत्रमा मात्र खर्च गरिनेछ।

(क) खानेपानीको योजना सञ्चालन गर्न,

(ख) खानेपानी योजनाको मर्मत संभार गर्न,

(ग) अन्य कुनै विकास निर्माण,

(घ) प्रशासनिक तथा साधारण खर्च गर्न,

(ङ) आकस्मिक कार्यमा खर्च गर्न।

१०. लेखा, लेखापरीक्षण तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

(१) समितिले प्रत्येक आ.व. को कारोबार स्पष्ट रुपमा देख्न/बुझ्न सकिने गरी कानून बमोजिमको आर्थिक कारोबार सहितको लेखा र यसको अभिलेख राख्नेछ।

(२) समितिले प्रत्येक आ.व.को आर्थिक तथा अन्य कारोबारको लेखाको सो आ.व. सकिएको तीन महिना भित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराई कार्तिक महिना भित्र सोको प्रतिवेदन गाउँपालिकामा पेश हुनेछ।

(३) प्रत्येक वर्ष असार मसान्त भित्र गाउँपालिकामा तोकिएको शूल्क तिरी नविकरण भएको हुनुपर्नेछ। नविकरण नभएका समिति मान्य हुनेछैन।

११. सम्पत्ती सर्नेः समिति विघटन वा खारेज भएमा यसको चल अचल सबै सम्पत्ति गाउँपालिकामा सर्नेछ।

## परिच्छेद-५
## विविध

१२. राजीनामाः

समितिका कुनै सदस्यले आफ्नो पदबाट अध्यक्ष समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा सो पद खाली हुनेछ। उक्त पदमा जुन प्रकृयाबाट पूर्ती भएको थियो सोही प्रकृयाबाट पूर्ती गरिनेछ। अध्यक्षले उपाध्यक्ष समक्ष राजीनामा दिन सक्नेछ।

१३. विधान संशोधन तथा नियमावली तर्जुमाः

(१) यस विधान संशोधन गर्नु परेमा सभाबाट पारीत गरी गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

(२) समितिले यो विधान कार्यान्वयन गर्न आवश्यक नियम बनाई गाउँकार्यपालिकाबाट स्वकृित गराई लागू गर्न सक्ने छ।

(३) समितिमा विवाद भएमा सम्बन्धित वडा समितिले सहजीकरण गर्नेछ।

१४. बचाउ र खारेजीः

(१) यो विधान प्रारम्भ हुँदाका बखत बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिनेछ।

(२) यो विधान प्रारम्भ हुँदाका बखत बहाल रहेको भेला वा उपभोक्ता समितिको निर्णयबाट सम्पादन भएका कार्यहरू यसै विधान बमोजिम भए गरेको मानिनेछ।

१५. अन्य प्रचलित कानून बमोजिम हुनेः

यस विधानमा लेखिएका कुनै कुरा कपुरकोट गाउँपालिकाको जलस्रोत ऐन, २०७९ वा स्थानीय सरकार संचालन ऐन वा प्रचलित अन्य संघीय वा प्रदेश कानुनसँग बाँझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ र सो अवस्थामा यस विधानका व्यवस्था लागू हुने छैनन्।

## अनुसूची (१)

विधान पारीत गर्ने समितिका सदस्य सहित भेलामा उपस्थित उपभोक्ता सदस्यको विवरणः
कार्यसमितिका पदाधिकारीहरू

| क.सं. | पद | नामथर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

## अनुसूची (२)

उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजात

(१) दर्ता हुनका लागि उपभोक्ता समितिले देहाएको विवरण सहितका कागजातहरू पेश गर्नु पर्नेछ।

(क) समितिको विधान,

(ख) उपभोक्ता समितिको पुरा नाम र ठेगाना,

(ग) आमभेलाबाट समिति गठन भएको आधिकारिक निर्णय,

(घ) चार किल्ला सिमाना,

(ङ) घरधुरी संख्या र उपभोक्ताको नामनामेसी विवरण,

(च) सम्बन्धित वडाको सिफारिश पत्र,

(छ) समितिले प्रयोग गर्ने पानीको स्रोत अन्य क्षेत्रका उपभोक्ताले समेत उपयोग गर्ने रहेछन् भने पानी बाँडफाँडको समुचित वितरणको व्यवस्था मिलाउने व्यवस्था समेतका बिषय।

(ज) गाउँपालिकाले तोकेको दर्ता शूल्क तिरेको भौचर।

## अनुसूची (३)

समूह दर्ताको लागि गाउँपालिकामा दिनु पर्ने निवेदनको ढाँचा

मितिः..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
कपुरकोट गाउँपालिका, सल्यान
कर्णाली प्रदेश, नेपाल

**विषयः खानेपानी उपभोक्ता तथा सरसफाई समिति दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्वारा संचालित गाउँ-साझेदारी विकास कार्यक्रममा वडा नं.... को .................... टोलमा सम्पुर्ण समाज परिचालन प्रक्रिया पूरा गरी गठन गरिएको .............................. खानेपानी उपभोक्ता तथा सरसफाई समिति कपुरकोट गाउँपालिकाको कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध छ।

यस .............................. खानेपानी उपभोक्ता तथा सरसफाई समितिको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमीत रहनेछः

पूर्व सिमानाः ..................................
पश्चिम सिमानाः ..................................
उत्तर सिमानाः ..................................
दक्षिण सिमानाः ..................................

निवेदक
.............
अध्यक्षको नामः
अध्यक्षको सम्पर्कः
संस्थाको छापः

**अनुसूची (४)**

खानेपानी उपभोक्ता तथा सरसफाई समिति दर्ताको प्रमाणपत्र

कपुरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

**<u>संस्था दर्ता प्रमाणपत्र</u>**

| फोटो |
|---|

दर्ता नं: ...................................

दर्ता मितिः ..............................

**१.** संस्थाको नामः

ठेगानाः

संस्थाको प्रकृतिः

कार्यक्षेत्रः

संस्थाको कारोबार सुरु भएको मितिः

सम्पर्क फोन नं:

२. संचालक/अध्यक्ष/मुख्य व्यक्ति को

नाम, थरः

ठेगानाः

ईमेलः

सम्पर्क नं:

राजस्व तथा आ.प्र. शाखा ..........................

दर्ता गर्ने अधिकारी ..........................

**संस्था संचालन गर्दा अवलम्बन गर्नुपर्ने शर्तहरू**

१. यो प्रमाणपत्र हराएमा वा च्यातिएमा यसको नक्कल लिँदा तोकिएको शुल्क लाग्नेछ।

२. यो प्रमाणपत्र सुरक्षित राख्नुपर्नेछ। गाउँ कार्यपालिकाबाट चेकजाँच गर्न आउने कर्मचारीले मागेको बखतमा प्रमाणपत्र देखाउनु पर्नेछ।

३. संस्था रद्द गर्न चाहेमा गाउँ कार्यपालिकामा लिखित जानकारी दिई लगत कट्टा गराउनु पर्नेछ।

४. प्रचलित ऐन कानूनले निषेध गरेको कार्य सञ्चालन गर्न पाइनेछैन।

५. यो दर्ता प्रमाणपत्र प्रत्येक वर्ष आषाढ मसान्त भित्र यस पालिकाको आर्थिक ऐन अनुसारको शुल्क बुझाई नविकरण गराई सक्नुपर्नेछ।

६. संस्था संचालनका शिलशिलामा गाउँ कार्यपालिकाबाट समयसमयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।